**कपुरकोट गाउँपालिकाको गाउँसभामा पेश भएको नीति, कार्यक्रम सम्बन्धमा कपुरकोट गाउँपालिकाका उपाध्यक्ष तथा कार्यक्रम तथा बजेट तर्जुमा समितिका संयोजक श्री तिला बुढामगरज्यूबाट गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्य**

गाउँसभाका श्रद्धेय अध्यक्ष महोदय,

सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू,

सभाका सचिवज्यू तथा सबै कर्मचारीहरू

संचारकर्मी तथा पत्रकारज्यूहरु,

अन्य उपस्थित महानुभाव तथा सुरक्षाकर्मी साथीहरू,

आजको यस गाउँ सभामा उपाध्यक्षको हैसियतमा आ.व. २०७६/७७ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । यस अवसरमा विभिन्न कालखण्डहुँदै लोकतान्त्रिक गणतन्त्र सम्म नेपालको उन्नति, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरू प्रति हार्दिक श्रन्दान्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजनप्रति सम्मान एवं सहानुभूति प्रकट गर्दछु ।

सिमित साधन स्रोतका वावजुद पनि गाउँपालिकाले लिएका नीति तथा कार्यक्रमलाई सक्दो समेट्ने प्रयास गरेको छु । गाउँसभामा प्रस्तुत गरिएका सामाजिक क्षेत्र, आर्थक क्षेत्र, पूर्वाधार क्षेत्र, साँस्कृतिक क्षेत्र, वन वातावरण तथा विपद व्यवस्थापन र वित्तिय व्यवस्थापन सार्वजनिक सेवा र सुशासन लगायत विषयगत क्षेत्रका नीतिहरुलाई स्रोत साधनले पुगे सम्म सक्दो समेट्ने प्रयास गरेको छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले कपुरकोट गाउँपालिकाको नीति तथा कार्यक्रम, २०७६, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विनियोजन विधेयक, २०७६ को सिद्धान्त र प्राथमिकता, नेपाल सरकार र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम, कपुरकोट गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रका नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य, गाउँपालिकाले आयोजना गरेको कार्यक्रमबाट आएका बौद्धिक वर्गका सुझाब र गाउँसभाका आदरणीय सदस्यहरुले दिनुभएका सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएको छु । विभिन्न राजनीतिक दल, संघ संस्था, विद्धतवर्ग र गाउँपालिकाभित्र र बाहिर रहनु भएका दिदी-बहिनी, दाजु-भाइहरुबाट प्राप्त रचनात्मक सुझाबहरुलाई समेत ध्यान दिएको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

सबै वडामा सन्तुलित विकासको अवधारणा अनुसार जनसंख्या, भूगोल र विकासको अवस्थालाई बजेट विनियोजनको आधारको रूपमा लिइएकोले सन्तुलित विकासको अपेक्षा पनि गरेको छु। विकासका सम्भाब्य अवसरहरूलाई सामाजिक न्याय, वडागत सन्तुलनका साथै साधन श्रोतको वास्तविक रूपमा कार्यान्वयन गर्न आवश्यताका आधारमा प्राथमिकीकरण गरी गाउँपालिकाको समग्र विकासका निम्ति

मार्गदर्शन गर्न गाउँपालिकाले लिएका नीतिहरू मध्यनजर गरी आर्थिक वर्ष २०७६/७७ को बजेट तर्जुमा गरिएको व्यहोरा निवेदन गर्न चाहन्छु ।

आगामी आर्थिक बर्ष २०७६/७७ को लागि आय र व्ययको अनुमान देहाय बमोजिम रहेको छ ।

आय अनुमानः

संघिय सरकार वित्तिय समानिकरण अनुदान शिर्षकबाट रू ८ करोड ४ लाख,

कर्णाली प्रदेश सरकार वित्तिय समानिकरण अनुदान शिर्षकबाट रू १ करोड २८ हजार

संघिय सरकार राजश्व बाँडफाँड शिर्षकबाट रू ६ करोड ४३ लाख

कर्णाली प्रदेश सरकार राजश्व बाँडफाँड शिर्षकबाट रू ७ लाख ३ हजार

संघिय सरकार सशर्त अनुदान शिर्षकबाट रू ८ करोड ६३ लाख

आन्तरिक राजश्व अनुमानबाट रू २५ लाख

संचित कोषमा गत बर्षको मौज्दात अनुमान रू २ करोड ८६ लाख ६८ हजार

गाउँपालिकाको अनुमानीत कुल वजेट सिमा रू २८ करोड ३८ लाख रहेको छ ।

व्यय अनुमानतर्फः

सशर्त खर्च रू ८ करोड ६३ लाख,

चालु खर्च तर्फ रू ५ करोड ५० लाख र

पूँजीगत खर्च तर्फ रू १३ करोड २६ लाख रहेको छ ।

गाउँपालिकाको अनुमानीत कुल व्यय अनुमान रू २८ करोड ३८ लाख रहेको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म सामाजिक विकास क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास क्षेत्रगत योजना कार्यक्रममा जम्मा रू ३ करोड ४३ लाख २५ हजार विनियोजन गरेको** छु । जुन जम्मा पूँजीगत बजेटको २६ प्रतिशत रहेको छ ।

शिक्षा, युवा तथा खेलकुदः

गाउँपालिकाको शैक्षिक सुधार, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा तथा विभिन्न तहका शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थीहरूको मनोवल उच्च राख्दै आफ्नो काम प्रति उत्प्रेरित बनाउनको लागि विभिन्न तालिम र अतिरिक्त क्रियाकलापहरू लगायत समग्र शिक्षा व्यवस्थापन तर्फ रू १ करोड विनियोजन गरेको छु ।

युवाहरूलाई स्वरोजगार भई आफ्नै गाउँठाउँमा उद्यमशिल बन्नको लागि उत्प्रेरित गर्नको लागि **युवासँग गाउँपालिका कार्यक्रम** लिईएको छ । जसको लागि **रू १० लाख** विनियोजन गरेको छु ।

गाउँपालिकाको चिनारी, सद्भाव र मित्रताको भावना बढाउने खेलकुद कार्यक्रम अन्तर्गत 'गाउँपालिका अध्यक्ष कप' र वडाध्यक्ष कप खेलकुद कार्यक्रमको लागि **रू २० लाख** विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा पोषण :**

हाम्रा आमा, बुबा, दाजुभाई, दिदीबहिनी बालबालिका सबैको आधारभूत स्वास्थ्य सुविधाको हक सुनिश्चित गर्दै आम नागरिकलाई सरल सुलभ तथा गुणस्तरीय स्वास्थ्य सुविधाको लागि गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्र व्यवस्थापनको लागि **रू ४५ लाख** विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाईः**

खानेपानी शुद्धता फोहोरमैला उचित व्यवस्थापन गरी पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणको लागि **रू १० लाख** विनियोजन गरेको छु ।

गाउँपालिकाको सबै क्षेत्रमा खानेपानी योजना निर्माण मर्मत तथा मुहान संरक्षणको लागि एकमुष्ठ रू ७३ लाख विनियोजन गरेको छु ।

**महिला, वालवालिका तथा जेष्ठ नागरिकः**

लैंगीक समानता तथा सामाजिक समावेशिकरण अन्तर्गत महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक तथा दलित लगायतका विशेष बर्गको विशिष्ट आवश्यकतालाई मध्यनजर गर्दै उनीहरूको सशक्तिकरण क्षमता विकास तथा उद्यमशिलता प्रबर्द्धन गर्नका लागि रू २० लाख विनियोजन गरेको छु ।

दलित, विपन्न, असहाय, एकल, तथा अन्यायमा परेका महिलाहरूको पिडा गुनासो प्रत्यक्षरूपमा सम्बोधन गरी समग्र महिलाहरूको सशक्तिकरणको लागि **'दिदीवहिनीसंग उपाध्यक्ष' कार्यक्रम** अन्तर्गत **रू २० लाख** विनियोजन गरेको छु ।

**कला तथा संस्कृतीः**

कला सँस्कृति तथा परम्पराको संरक्षण गर्नको लागि **'संस्कृतीको संरक्षण, हाम्रो पहिचान'** कार्यक्रमको लागि **रू ५ लाख** विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आर्थिक विकास क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्रगत योजना कार्यक्रममा जम्मा रू ८५ लाख विनियोजन गरेको छु** । जुन जम्मा पूँजीगत बजेटको ७.२१ प्रतिशत रहेको छ ।

<u>कृषि तथा पशुपालनः</u>

अर्गानिक कृषि प्रणालीलाई प्रोत्साहन, कृषकहरूलाई अनुदान खेति प्रणाली तथा समग्र कृषि क्षेत्रको विकासको लागि **रू ४५ लाख** विनियोजन गरेको छु ।

पशुपालन ब्यवसायको विस्तार तथा प्रोत्साहन, पशुपालक किसानलाई अनुदान, पशु स्वास्थ्य घुम्ती शिविर लगायत पशु विकास कार्यक्रम अन्तर्गत **रू ३० लाख** विनियोजन गरेको छु ।

<u>उद्योग, वाणिज्य तथा पर्यटन विकासः</u>

घंघारीचौर पर्यटन गुरूयोजना अन्तर्गत खेलमैदान निर्माण संघ तथा प्रदेशसँग समपूरक अनुदान तथा विशेष अनुदान साझेदारीमा निर्माणको लागि **रू १० लाख** विनियोजन गरेको छु । त्यस्तै गाउँपालिकाको डकुमेन्ट्री निर्माण गरी पर्यटन प्रवर्द्धनको लागि **रू ५ लाख** विनियोजन गरेको छु ।

गाउँपालिकामा उद्यम ब्यवसाय गरी स्वनिर्भर हुन ईच्छुक ब्यक्तिहरूका लागि विभिन्न कार्यक्रम तथा विउ पूँजीका लागि लघु उद्यम कार्यक्रम अन्तर्गत **रू ५ लाख** विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म पूर्वाधार विकास क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**पूर्वाधार विकास क्षेत्रगत योजना कार्यक्रममा जम्मा रू ६ करोड १३ लाख ५० हजार विनियोजन गरेको छु** । जुन जम्मा पूँजीगत बजेटको ४६.२६ प्रतिशत रहेको छ ।

<u>सडक, यातायात तथा संचारः</u>

ग्रामिण कृषि सडक तथा टोलबस्तीका मोटरबाटोहरू र हाम्रो गाउँपालिकाबाट अन्य गाउँपालिका जोड्ने मोटरबाटोहरूको लागि **रू १ करोड ६७ लाख** विनियोजन गरेको छु ।

<u>भवन निर्माण तथा बस्ती विकासः</u>

गाउँपालिका भवन निर्माण क्रमागत शिर्षकमा **रू २ करोड** विनियोजन गरेको छु ।

वडा नं. ४ र वडा नं. ६ को वडा कार्यालय भवन संघिय सरकार तथा प्रदेश सरकारसँग समपूरक तथा विशेष अनुदान साझेदारीमा निर्माणको लागि **रू ४० लाख** विनियोजन गरेको छु ।

<u>उर्जा लघु तथा साना जलविद्युत वैकल्पिक उर्जा समेतः</u>

ग्रामिण विद्युतीकरण क्रमागत कार्यक्रमका लागि **रू १ करोड ५० लाख** विनियोजन गरेको छु ।

थोरै घर धुरी भएका र विद्युतको लाइन पूर्‍याउन नसकिने ठाउँहरूमा वैकल्पिक उर्जा जडान गर्नको लागि रू १० लाख विनियोजन गरेको छु ।

**अन्य पूर्वाधार निर्माणः**

कालिका मा.वि. पूर्वाधार निर्माणमा **रू २० लाख**, जीवनज्योति मा.वि. पूर्वाधार व्यवस्थापनको लागि **रू ७ लाख** तथा कपुरकोट बहुमुखी क्याम्पस पूर्वाधार निर्माणमा **रू १० लाख** विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म वन, वातावरण, भूसंरक्षण तथा विपद व्यवस्थापन क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**वन, वातावरण, भूसंरक्षण तथा विपद व्यवस्थापन क्षेत्रगत योजना कार्यक्रममा जम्मा रू ४४ लाख २५ हजार विनियोजन गरेको छु ।** जुन जम्मा पूँजीगत बजेटको ३.३४ प्रतिशत रहेको छ ।

**वन संरक्षण भू तथा जलाधार संरक्षण, वातावरण संरक्षण तथा प्रवर्द्धनः**

वन तथा वातावरण संरक्षण, पानीका मुहानहरूको संरक्षण, वृक्षारोपण तथा रिचार्ज पोखरीहरूको निर्माणको लागि वातावरण संरक्षण कोष अन्तर्गत **रू १५ लाख** र रिचार्ज पोखरीहरूको निर्माoको लागि रू ४ लाख विनियोजन गरेको छु ।

भूक्षय नियन्त्रण तथा बाटोहरू मर्मत गर्नका लागि तार जाली, ह्युम पाइप, सिमेन्ट लगायतका सामाग्री खरिदका लागि रू २० लाख विनियोजन गरेको छु ।

**विपद व्यवस्थापनः**

विपद जोखिम न्युनिकरण, विपद जोखिम सम्बन्धमा नागरिकलाई सुसुचित गर्ने कार्यक्रम संन्चालन गर्न तथा विपदको बेलामा मौज्दात कोषको व्यवस्था गर्न आकष्मिक कोष (विपद व्यवस्थापन कोष) मा **रू ५ लाख** विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सार्वजनिक सेवा, संस्थागत क्षमता विकास, सुशासन र सुदृढिकरण क्षेत्रगत योजना कार्यक्रममा जम्मा रू ९० लाख विनियोजन गरेको छु ।** जुन जम्मा पूँजीगत बजेटको ६.८१ प्रतिशत रहेको छ ।

**सार्वजनिक सेवा प्रवाह तथा सुशासन प्रबर्द्धनः**

सेवा प्रवाहलाई चुस्त दुरूस्त, पारदर्शी र जवाफदेही बनाउनको लागि संस्थागत क्षमता विकास तथा अन्य उत्प्रेरणात्मक कामको लागि रू १२ लाख विनियोजन गरेको छु ।

**कानुन तथा न्यायः**

*'सद्भाव, सहकार्य, सहमति, सकारात्मक भावनाको आदानप्रदान, स्वच्छ, निष्पक्ष, सुलभ र छरितो तरिकाले न्याय सम्पादन'* भन्ने नीति अन्तर्गत न्यायिक समिति क्षमता विकास कार्यक्रमको लागि **रू २ लाख** विनियोजन गरेको छु ।

**तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापनः**

गाउँपालिकाको यथार्थ वस्तुगत विवरण तयार गर्नको लागि डिजिटल प्रोफाईल निर्माण अन्तर्गत **रू १० लाख** विनियोजन गरेको छु ।

**स्थानीय योजना व्यवस्थापनः**

गाउँपालिकाको दिर्घकालिन लक्ष्य निर्धारण गरी समग्र पक्षको मार्गनिर्देशन गर्नको लागि आवधिक योजना निर्माणमा **रू १० लाख** विनियोजन गरेको छु ।

**माथि उल्लेखित नभएका अन्य क्षेत्रः**

संघिय सरकार र प्रदेश सरकारसँग साझेदारीमा काम गर्नको लागि समपूरक कोष अन्तर्गत रू ५० लाख, अनुदान तथा आर्थिक सहायतामा रू ५ लाख, आयोजना व्यवस्थापनमा रू ३० लाख, मर्मत संभार कोषमा रू ३० लाख, पूजीगत सेवा परामर्शमा रू १० लाख र प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि रू १५ लाख विनियोजन गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय ,**

प्रस्तुत बजेट तर्जुमामा मार्गनिर्देशन गर्नुहुने तथा अहम भूमिका निर्वाह गर्नुहुने श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका संयोजक श्रद्धेय अध्यक्षज्यू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू तथा विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट छलफलको क्रममा आ-आफ्नो तर्फबाट सुझाब दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजी क्षेत्रका संघ संगठनहरू,नागरीक समाज तथा सामुदायिक संस्था, सामुदायिक संगठनहरू, पत्रकार र गाउँपालिकाबासी तथा गाउँपालिका बाहिर स्वदेश तथा विदेशमा रहनु भएका दिदीबहिनी, दाजुभाईहरू सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

बजेट छलफल तथा निर्माणको क्रममा निरन्तर रूपमा खटिई सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण सचिवालयका कर्मचारीहरू तथा गाउँपालिका अन्तर्गतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा गाउँपालिकाको विकास र सम्बृद्धिका लागि बजेट श्रोतको सुनिश्चितता गरिदिने संघिय नेपाल सरकार र कर्णाली प्रदेश सरकार तथा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरीक, करदाता, गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सबै विकास साझेदार, सरकारी गैरसरकारी तथा सामुदायिक संस्थाहरूप्रति आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद !

तिला बुढामगर
उपाध्यक्ष तथा संयोजक कार्यक्रम
तथा बजेट तर्जूमा समिति
कपुरकोट गाउँपालिका, सल्यान मिति २०७६/ ०३/ २८ गते